# कागेश्वरी मनोहरा नगरपालिका

## पाक्षिक नगर बुलेटिन

वर्ष : १ २०८२ पौष अंक : १

## सम्पादकीय

नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ मा नगरपालिका तथा अन्तर्गतका कार्यालयहरूबाट सम्पादन भएका मुख्य मुख्य गतिविधिहरू समेटी नगर बुलेटिनको पहिलो अंक प्रकाशन गरेका छौं । आधुनिक डिजिटल प्रविधिको उपयोग गर्दै नगरपालिका तथा अन्तर्गतका कार्यालयहरूबाट सम्पादन हुने गतिविधिसम्बन्धी सूचना वेबपेज, फेसबुक पेज, मिडिया लगायत विभिन्न माध्यमबाट प्रकाशन/प्रशारण गरी नागरिकलाई सूचनाको हकको प्रत्याभूति गराउने तथा शासकीय गतिविधिमा पारदर्शिता कायम गर्ने कार्यमा नगरपालिका निरन्तर क्रियाशील रहँदै आएको छ ।

यसै सन्दर्भमा, नगरवासी तथा अन्य सरोकारवालाहरूको हातहातमा नगरपालिकाका गतिविधिहरू समेटिएको पाक्षिक नगर बुलेटिन पुर्‍याउने, नगरका गतिविधिहरूलाई व्यवस्थित रूपमा संग्रह गरी भविष्यसम्मका लागि अभिलेखीकरण गर्दै संस्थागत स्मृति (Institutional Memory) लाई सुदृढ, दीगो र प्रभावकारी बनाउने उद्देश्यले नगर बुलेटिन प्रकाशनको शुरुवात गरिएको हो ।

यस अंकमा मुख्यतः कागेश्वरी मनोहरा नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को आय व्ययसम्बन्धी विवरण, चालु आर्थिक वर्ष २०८२/८३ का प्रमुख नीति तथा कार्यक्रम र आय-व्यय अनुमान, विकास कार्यक्रमहरू, शाखाहरूबाट सम्पादन भएका गतिविधिहरू, वडागत कार्य विवरण, साथै समग्र नगरपालिकाको आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थापन, संस्थागत विकास, सेवा प्रवाह र सुशासनका क्षेत्रमा भएका प्रमुख क्रियाकलाप, उपलब्धि, समस्या/चुनौती तथा तस्बिरहरू समावेश गरिएको छ ।

नगरपालिकाको यो पहिलो प्रयास भएको हुँदा बुलेटिनका विभिन्न पक्षमा सुधार गर्नुपर्ने विषयहरू हुन सक्छन् । नगर बुलेटिनका आगामी अंकहरू नियमित रूपमा प्रकाशन गरिने भएकाले यस बुलेटिनको अध्ययन गरी विषयवस्तु, ढाँचा तथा प्रस्तुतीकरणका सम्बन्धमा आगामी दिनमा सुधारका लागि यहाँहरूको रचनात्मक सुझाव को अपेक्षा गरेका छौं ।



**कागेश्वरी मनोहरा नगरपालिकाबाट प्रकाशित पाक्षिक नगर बुलेटिन**

**संरक्षक**



श्री उपेन्द्र कार्की
नगर प्रमुख



श्री शान्ता थापा
उप प्रमुख



श्री पुरुषोत्तम सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

**सम्पादक/सामग्री संयोजन**



श्री माधव खतिवडा
सूचना अधिकारी



श्री हरिभक्त पुडासैनी
नगर प्रवक्ता



श्री प्रलिना अधिकारी
मिडिया अधिकृत

**For Inquiry or Further Details**
Email: mediadepartkageshwori@gmail.com

**कागेश्वरी मनोहरा नगरपालिका**
थली, काठमाडौं
बागमती प्रदेश, नेपाल
फोन नं. ०१-४४५१२४२, ४४५०३५६, ४४५०९८६
फ्याक्स: +९७७ १ ४४५०३५६
Email: er.kageshworimun@gmail.com
Website: www.kageshworimanoharamun.gov.np

# नगर प्रमुख कार्की र नेपालका लागि बेलायतका राजदुत रब फेनबीच भेट

कागेश्वरी मनोहरा नगरपालिकाका, काठमाडौं: कागेश्वरी मनोहरा नगरपालिकाका प्रमुख उपेन्द्र कार्की र नेपालका लागि बेलायतका राजदुत रब फेनबीच भेटवार्ता भएको छ ।

भेटमा युवा शक्तिलाई आईटीसंग जोडेर रोजगारमुखी बनाउने बिषयमा छलफल भएको छ । राजदुत फेनसंगको भेट फलदायी र प्रभावकारी भएको प्रमुख कार्कीले बताएका छन । नगरपालिकाको डिजिटल आधुनिकिकरण, स्थानीय युवाका लागि रोजगारी सिर्जना र सहकार्यका अवसरबारे कुराकानी भएको कार्कीको भनाई छ ।

नगरपालिकाको समग्र विकासलाई प्राथमिकतामा राख्दै नगरप्रमुख कार्कीको पहलमा नेपालका लागि बेलायतका राजदूत रोब फेनसँग एक प्रभावकारी बैठक सम्पन्न भएको हो । यसैबीच कागेश्वरी मनोहरा नगरपालिका र जेनेस सोलुसन प्रा. लि. बीच डिजिटल साक्षरता र कार्यस्थल तत्परता वृद्धि गर्ने उद्देश्यसहित समझदारी पत्र (एमओयू) मा हस्ताक्षर गरिएको छ ।



बैठकमा सहभागी सरोकारवालाहरूले नगरप्रमुख कार्कीको सक्रिय नेतृत्व र नवीन सोचले कागेश्वरी मनोहरा नगरपालिकालाई प्रविधिमुखी र भविष्य-उन्मुख बनाउने दिशामा महत्वपूर्ण भूमिका खेलेको टिप्पणी गरेका छन् । हालै भएको सम्झौताअनुसार पाँचवटा १० दिने आईटी तालिम कार्यशालाहरू र तीन महिनाको विस्तारित सिकाइ कार्यक्रम सञ्चालन गर्ने तयारी भइरहेको छ । यी कार्यक्रमहरूले युवालाई सूचना प्रविधि क्षेत्रमा सीपयुक्त बनाउँदै रोजगारीमुखी अवसरहरू सिर्जना गर्ने अपेक्षा गरिएको छ ।

नगरप्रमुख उपेन्द्र कार्कीले युवाशक्ति नै भविष्यको आधार भएको उल्लेख गर्दै आईटीसँग जोडेर युवालाई रोजगारीमुखी बनाउने र अवसरहरू आफ्नै नगरपालिकामै ल्याउने लक्ष्य रहेको बताए । उनका अनुसार, नगरपालिका डिजिटल रूपान्तरणको दिशामा दृढतापूर्वक अघि बढिरहेको छ ।

साथै संवाद र पहलका लागि उल्लेखनीय योगदान पुर्‍याएका जेनेस सोलुसनका सीईओ अञ्जनी फुयाँलप्रति नगरपरिवारले हार्दिक सम्मान र कृतज्ञता व्यक्त गरेको छ ।

# कागेश्वरी मनोहराका मेयर कार्की 'यूसीएलजी एसप्याक परिषद् सदस्यमा निर्वाचित

कागेश्वरी मनोहरा नगरपालिकाका, काठमाडौं: कागेश्वरी मनोहरा नगरपालिकाका नगरप्रमुख उपेन्द्र कार्की संयुक्त शहर तथा स्थानीय सरकार एशिया-प्रशान्त (यूसीएलजी एसप्याक) को परिषद् सदस्यमा निर्वाचित भएका छन् । कार्कीको कार्यकाल सन् २०२५देखि २०२७ सम्म रहनेछ । कोरियाको गोयाङमा हालै सम्पन्न १० औं यूसीएलजी कांग्रेसमा भएको निर्वाचनले कार्कीलाई निर्वाचित गरेको हो ।

यस निर्वाचनले दक्षिण र दक्षिणपश्चिम एसियाका सदस्यहरूले कागेश्वरी मनोहराको नेतृत्वमाथि उच्च विश्वास र भरोसा राखेको स्पष्ट हुन्छ । साथै नगरप्रमुख कार्कीलाई एसिया प्रशान्त क्षेत्रका स्थानीय सरकारहरूको हित र नीतिहरू निर्माण गर्ने प्रमुख निकायमा प्रत्यक्ष प्रतिनिधित्व गर्ने अवसर प्रदान गरेको छ ।

मेयर कार्कीको अनुभव र दूरदृष्टिले यूसीएलजी एसिया-प्रशान्तको कार्य र समग्र यस क्षेत्रको दिगो विकासमा महत्त्वपूर्ण योगदान पुग्ने नगरवासी तथा कर्मचारी परिवारले विश्वास व्यक्त गरेका छन् ।



**के हो यूसीएलजी एसप्याक ?**

यूसीएलजी एसिया-प्रशान्त परिषद् संस्थाको प्रमुख नीति निर्माण गर्ने निकाय हो । मेयर कार्कीले अब क्षेत्रीय साधारण सभाले निर्धारण गरेका सामान्य नीतिहरूको कार्यान्वयन सुनिश्चित गर्दै

संस्थाका नीतिहरू निर्णय गर्नमा महत्त्वपूर्ण भूमिका खेल्नुहुनेछ ।

यूसीएलजी एसिया-प्रशान्त स्थानीय सरकारहरूको सबैभन्दा ठूलो क्षेत्रीय संस्था हो, जसले यस क्षेत्रमा दिगो विकासलाई प्रवर्द्धन गर्न र शहरी चुनौतीहरूको सामना गर्न स्थानीय निकायहरूको हितको पक्षमा वकालत गर्दै, संवादलाई सहजीकरण गर्दै र सहयोगलाई बढावा दिँदै आएको छ ।

मेयर कार्कीको दुई वर्षे कार्यकाल औपचारिक रूपमा सुरु भएको छ । यो उपलब्धिले कागेश्वरी मनोहरा नगरपालिकालाई क्षेत्रीय शासन र शहरी विकास संवादमा एक प्रमुख खेलाडीको रूपमा अन्तर्राष्ट्रिय मञ्चमा स्थापित गरेको छ ।

# कागेश्वरी मनोहरा नगरभित्रका निर्माणाधिन खानेपानी आयोजनाहरू सम्पन्न गर्न सहयोग गर्ने मन्त्री तामाङको प्रतिबद्धता

सात आठ महिनाभित्र नगरबासीलाई खानेपानीको सुविधा पुर्याउने लक्ष्य राखिएको कागेश्वरी मनोहरा नगरपालिकाका प्रमुख उपेन्द्र कार्कीले बताए ।

कागेश्वरी मनोहरा नगरपालिकाका, काठमाडौँ: बागमती प्रदेश सरकारका खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्री कृष्ण कुमार तामाङले कागेश्वरी मनोहरा नगरपालिकाभित्र सञ्चालित विभिन्न खानेपानी आयोजनाको अनुगमन गरेका छन् ।

खानेपानी योजनाको अनुगमन गर्दै मन्त्री तामाङले निर्माणाधिन खानेपानी आयोजनाहरू समयमै सम्पन्न गर्न सहयोग गर्ने प्रतिबद्धता समेत व्यक्त गरे । उनले खानेपानी आयोजना सम्पन्न गर्न आवश्यक पर्ने बजेट अभाव हुन नदिइ जनताको आधारभूत आवश्यकता पूरा गर्न प्रदेश सरकार गम्भीर रहेको उल्लेख गरेका छन् ।

मन्त्री तामाङले आयोजनाहरू निर्धारित समयभित्र सम्पन्न भएपछि कागेश्वरी मनोहरा नगरका नागरिकलाई स्वच्छ र पर्याप्त खानेपानी सुविधा उपलब्ध हुने अपेक्षा गरे । कागेश्वरी मनोहरा नगरपालिकाका प्रमुख उपेन्द्र कार्कीले सात आठ महिनाभित्र नगरबासीलाई खानेपानीको सुविधा पुर्याउने लक्ष्य राखिएको बताए । यसमा प्रदेश सरकारको पुर्ण सहयोग रहने विश्वास व्यक्त गरे ।



नगरपालिकामा हाल डाँछी भद्रबास खानेपानी आयोजना, मुलपानी खानेपानी, गोठाटार खानेपानी, काँडाघारी खानेपानी लगायतका योजना कार्यान्वयन भइरहेका छन् । यी परियोजनालाई प्रभावकारी रुपमा अघि बढाउन मन्त्री तामाङले सम्बन्धित निकायलाई आवश्यक समन्वय तथा सहकार्य बढाउन निर्देशन समेत दिए ।

# कागेश्वरी मनोहरा नगरपालिकाले भित्र्यायो अत्याधुनिक दमकल

कागेश्वरी मनोहरा नगरपालिकाका, काठमाडौँ: काठमाडौंको कागेश्वरी मनोहरा नगरपालिकाले अत्याधुनिक दमकल (बारुणयन्त्र) भित्र्याएको छ ।

सहरीकरणको तीव्र वृद्धि र आगलागीका घटना बढ्दै गएपछि नगरप्रमुख उपेन्द्र कार्कीको विशेष पहल र जापान सरकारको सहयोगमा बिहीबार एउटा दमकल (बारुणयन्त्र) भित्र्याइएको छ ।

जापान सरकारको ग्रासरुट्स मानव सुरक्षा परियोजनामार्फत जापान दूतावासले दमकल (फायर ट्रक) सहयोग गरेको हो । यसले जापान र नेपालको जनस्तरीय



मैत्री सम्बन्ध अझ सुदृढ र प्रगाढ हुने अपेक्षा गरिएको छ ।

दीपक चापागाईंको नेतृत्वमा सञ्चालित भोलिन्टियर कोर्प्स नेपाल (भीसीएन) साथै, एआरएफएफ एवं नेपाल रेस्क्यु एण्ड फायरफाइटर एसोसिएसन नेपालका अध्यक्ष मधुसुदन थापाले यस परियोजनाको सफल कार्यान्वयनमा पुर्‍याएको रचनात्मक योगदानका लागि नगरपालिकाले धन्यवाद व्यक्त गरेको छ ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत पुरुषोत्तम सुवेदीका अनुसार जापान सरकारबाट प्राप्त यो दमकल अत्याधुनिक प्रविधियुक्त छ, यो चौबीसै घण्टा परिचालनमा रहनेछ । उनले भने, 'अहिले सहरीकरण बढ्दै गएको छ । सानासाना गल्लीमा पनि पुग्न सक्ने यो दमकल हामीका लागि निकै उपयोगी छ । यसमा दुई प्रकारको प्रणाली रहेको छ, पानी र फोम दुवै माध्यमबाट आगो निभाउन सकिने । पानीले निभाउन नसक्ने आगो फोम प्रयोग गरेर निभाउन सकिन्छ ।

दमकल भित्रिएपछि स्थानीयवासी पनि निकै खुशी भएका छन् । उनीहरूका अनुसार नगरपालिकामा सुरुदेखिनै दमकलको आवश्यकता महसुस गरिएको थियो ।

एक स्थानीयवासीले भने, 'हामीले सुरुमा एम्बुलेन्स, दमकल र शववाहनको माग गरेका थियौं । अब ती क्रमशः पूरा हुँदैछन् । जापान सरकारको सहयोगमा दमकल आइपुगेकोमा हामी अत्यन्त



खुशी छौं ।

कागेश्वरी मनोहरा नगरपालिका सुशासन कायम गर्दै जनताका लागि आवश्यक सेवा सुविधा विस्तार गर्दै निरन्तर अगाडि बढिरहेको छ । नगरपालिकाका अनुसार जापान सरकारबाट प्राप्त उक्त दमकललाई आउँदो सोमबार औपचारिक रूपमा हस्तान्तरण गरिनेछ ।

# नगरप्रमुख कार्की भन्छन्: कागेश्वरी मनोहरा अब 'आईटी हब बन्छ, युवा लक्षित निःशुल्क १० दिने आईटी तालिम

कागेश्वरी मनोहरा नगरपालिकाका, काठमाडौं: कागेश्वरी मनोहरा नगरपालिकाले युवालाई रोजगारीमुखी बनाउने उद्देश्यसहित निःशुल्क सूचना प्रविधि (आईटी) तालिम सुरु गरेको छ ।

थलीस्थित नगर भवनमा सुरु भएको १० दिने तालिमको उद्घाटन शुक्रबार नगर प्रमुख उपेन्द्र कार्कीले गरे । उनले नगरपालिकालाई 'आईटी हबका रूपमा विकास गर्ने दीर्घकालीन योजना अघि बढाइएको बताए ।




मेयर कार्कीले भने, 'विद्यार्थीहरूको सपना पूरा गर्न हामीले विद्यालय स्तरमै आईटी इन्जिनियरिङ पढाउने कोर्स सुरु गरेका छौं । पढ्दै गर्दा काम गर्न चाहनेका लागि सी लेभलबाटै अवसर सिर्जना गरेका छौं । आईटीको माग अहिले विश्वभर छ, त्यसैले हामीले नगरभित्रै यो पहल थालेका हौं ।

त्यस्तै, उपमेयर शान्ता थापाले तालिमले युवामा आत्मविश्वास बढाउने र रोजगारीका अवसर सिर्जना गर्न मद्दत गर्ने बताइन् । '१० दिनमै पनि युवाहरूले सूचना प्रविधिसम्बन्धी उपयोगी ज्ञान लिन सक्नेछन् । सीप सिकेर नेपालमै केही गर्न सकिन्छ भन्ने सन्देश यो तालिमले दिनेछ, उनले भनिन् ।

यस्तै, प्रशासकीय अधिकृत पुरुषोत्तम सुवेदीले आईटी अहिलेको युगको आवश्यकता बनेको बताए । 'सूचना प्रविधिले हिजो र आजबीचको दूरी घटाएको छ । विश्वका सफल व्यक्तिहरूले पनि प्रविधिलाई प्राथमिकतामा राखेर काम गरिरहेका छन्, सुवेदीले भने ।

नगरपालिकाले जेनेस सोलुसन प्रालिको सहकार्यमा तालिम सञ्चालन गरेको हो । करिब २०० युवाको सहभागिता रहेको तालिमका लागि नगरपालिकाले इच्छुकहरूलाई गुगल फारममार्फत आवेदन दिन आह्वान गरेको थियो ।

नगरपालिकाले तालिममार्फत युवाहरूलाई आफ्नै नगरमै रोजगारीका अवसर सिर्जना गर्न र डिजिटल क्षेत्रमा आत्मनिर्भर बन्न प्रेरणा मिल्ने विश्वास लिएको छ ।

# कागेश्वरी मनोहरा स्वास्थ्य शाखाको वार्षिक समीक्षा




## आलापोट स्वास्थ्य चौकी उत्कृष्ट, डाँछी र नगर अस्पताल क्रमशः द्वितीय र तृतीय घोषित

कागेश्वरी मनोहरा नगरपालिका, काठमाडौंः कागेश्वरी मनोहरा नगरपालिकाको स्वास्थ्य शाखाले आर्थिक वर्ष २०८१/८२ को जनस्वास्थ्य कार्यक्रमको वार्षिक समीक्षा गरेको छ । गत बुधबार सम्पन्न कार्यक्रममा नगरपालिकाभित्रका स्वास्थ्य संस्थाहरूको कार्यसम्पादन मूल्यांकन गरी उत्कृष्ट स्वास्थ्य संस्थाहरूलाई सम्मान गरिएको छ ।

मूल्यांकनका आधारमा वडा नम्बर-२ मा रहेको आलापोट स्वास्थ्य चौकी प्रथम, वडा नम्बर-५ को डाँछी स्वास्थ्य चौकी द्वितीय, र कागेश्वरी मनोहरा नगर अस्पताल तृतीय घोषित भएका छन् ।

स्वास्थ्य संस्थाको कार्यसम्पादन मूल्यांकन सेवा प्रवाह, सूचना आदानप्रदान, कार्यालय व्यवस्थापन, प्रविधिको प्रयोग र ज्ञान लगायतका सूचकका आधारमा उत्कृष्ट स्वास्थ्य संस्था घोषणा गरिएको हो । ती सूचकहरूमा उत्कृष्ट स्कोर गर्दै आलापोट स्वास्थ्य चौकी पहिलो बनेको हो ।

उत्कृष्ट स्वास्थ्य संस्थाहरूलाई नगरप्रमुख उपेन्द्र कार्की, जनसंख्या व्यवस्थापन महाशाखाका तथ्यांक अधिकृत पुस्कर बिजुक्छे, स्वास्थ्य कार्यालय टेकुकी भेक्टर कन्ट्रोल निरीक्षक गीता आचार्य र परिवार नियोजन संघका सरद अर्याल लगायतले प्रमाणपत्र वितरण गरेका थिए ।

समीक्षा कार्यक्रममा बोल्दै नगरप्रमुख कार्कीले यस्तो अभ्यासले सेवा गुणस्तर सुधार, कमजोरी पहिचान, स्रोतको प्रभावकारी उपयोग र संस्थागत पारदर्शिता र जवाफदेहितामा सहयोग गर्ने विश्वास व्यक्त गरे ।

साथै उनले विगत वर्षभरि नगरपालिकाले गरेका कामको मूल्याङ्कन गर्दै सफलतासँगै सुधार आवश्यक पक्षहरू पहिचान गर्न समीक्षा उपयोगी हुने बताए । मेयर कार्कीले भने, 'के के राम्रो गरियो र के के राम्रो गर्न सकिएन भन्ने मूल्याङ्कनकै माध्यमबाट हामीलाई अगाडि बढ्ने बाटो खुल्दै जान्छ । सरकारको लक्ष्यलाई स्थानीय तहमै पूरा गर्ने गरी हामी अघि बढिरहेका छौं ।

नौवटा वडा र करिब डेढ लाख जनसङ्ख्या भएको नगरपालिकामा हाल तीनवटा बर्थिङ सेन्टर, एक नगर अस्पताल र अन्य स्वास्थ्य चौकीमार्फत स्वास्थ्य सेवा सञ्चालन भइरहेको उल्लेख गर्दै नगरप्रमुख कार्कीले जनस्वास्थ्यका लक्ष्यहरू अपेक्षित रूपमा अघि बढिरहेको बताए ।

यस्तै प्रमुख प्रशासकीय अधिकृत पुरुषोत्तम सुवेदीले वर्षभरिका उपलब्धिहरू कार्यसम्पादनका प्रमाणका रूपमा प्रस्तुत गरिनु आवश्यक रहेको बताए । उनले भने, 'हामीले काम गरेर देखाउनुपर्छ । यही क्रममा स्वास्थ्य चौकीहरूको मूल्याङ्कन पनि गरियो, जहाँ सही इन्डिकेटर प्रयोग गरेर मूल्याङ्कन गरिएको छ । समग्रमा परिणाम सन्तोषजनक छ ।

त्यस्तै, स्वास्थ्य शाखा प्रमुख तुलाजा लामाले सबै स्वास्थ्य संस्थाहरूले गत वर्षको तुलनामा स्वास्थ्य सूचकमा प्रगति हासिल गरेको जानकारी दिइन् ।

वार्षिक समीक्षा कार्यक्रममा सबै स्वास्थ्य संस्थाका प्रतिनिधि र 'एक विद्यालय, एक नर्स कार्यक्रमअन्तर्गत कार्यरत नर्सहरूले समेत आफ्नो वार्षिक उपलब्धि प्रस्तुत गरेका थिए । यस समीक्षाले आगामी वर्षका कार्यक्रमहरू अझ प्रभावकारी बनाउन सहयोग पुग्ने स्वास्थ्य शाखाले जनाएको छ ।

नगरपालिकामा ९ वटा स्वास्थ्य संस्था र १ वटा नगर अस्पतालसहित १० वटा स्वास्थ्य संस्था रहेका छन् । यो नगरपालिका विकास र सुशासनमा फट्को मार्दै स्थानीय निकायमा अरु भन्दा फरक ढंगले अगाडि बढिरहेको छ ।

# जापानको ओत्सुकी नगरप्रमुखद्वारा कागेश्वरी मनोहराका नगरप्रमुखलाई दमकलको साँचो हस्तान्तरण




कागेश्वरी मनोहरा नगरपालिकाका, काठमाडौंः जापानको ओत्सुकी नगरपालिकाले काठमाडौंको कागेश्वरी मनोहरा नगरपालिकालाई सहयोग स्वरुप अत्याधुनिक दमकल (बारुणयन्त्र) हस्तान्तरण गरेको छ ।

नगरपालिका परिसरमा आज आयोजित एक कार्यक्रमकाबीच ओत्सुकी नगरप्रमुख कोबायासी नोबोयासुले कागेश्वरी मनोहरा नगरप्रमुख उपेन्द्र कार्कीलाई दमकलको साँचो औपचारिक रूपमा हस्तान्तरण गरे ।

मेयर कार्कीले दमकल हस्तान्तरणले नेपाल र जापानबीचको जनस्तरीय सम्बन्ध अझ सुदृढ र दीर्घकालीन बन्ने बताए । उनले भने, जापान सरकारको यो सहयोग हाम्रा लागि गर्व र खुशीको विषय हो । दिगो विकासका लागि उत्पादन, प्रविधि, शिक्षा, स्वास्थ्य र वातावरण संरक्षणमा ध्यान दिनु जरुरी छ । हामीले अहिले गर्ने प्रयासले भोलिको पुस्ताका लागि सुरक्षित भविष्य सुनिश्चित गर्नेछ ।

सहरीकरण र आगलागीका घटनामा वृद्धि भइरहेका बेला नगरप्रमुख कार्कीको विशेष पहलमा दमकल सहयोग प्राप्त भएको हो । यसले पानी र फोम दुवै माध्यमबाट आगो निभाउन सक्छ । पानीले निभाउन नसक्ने आगो फोम प्रयोग गरेर निभाउने छ । कार्यक्रममा उपमेयर शान्ता थापा, प्रशासकीय प्रमुख पुरुषोत्तम सुवेदीसहित नगरका कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

सो अवसरमा मेयर कार्कीले ओत्सुकी नगरप्रमुखलाई मायाको चिनोस्वरूप एकसिंगे 'गैंडा टोकन प्रदान गरे । दुवै नगरबीच घनिष्ठ सम्बन्ध कायम रहेको छ । समारोहमा मैत्री सम्बन्धको प्रतीकका रूपमा वृक्षारोपण समेत गरिएको थियो ।

मैत्री र सहकार्यको यो कदमले नेपाल-जापान सम्बन्ध अझ प्रगाढ बनाउने विश्वास गरिएको छ । कागेश्वरी मनोहरा नगरपालिका सुशासन कायम गर्दै जनताका लागि आवश्यक सेवा सुविधा विस्तार र विकास निर्माणमा निरन्तर अघि बढिरहेको छ ।

# कागेश्वरी मनोहरामा १० दिने निःशुल्क आईटी तालिम सम्पन्न
# २० जनालाई इन्टर्नसिपमार्फत रोजगारीको अवसर

कागेश्वरी मनोहरा नगरपालिकाका, काठमाडौं: कागेश्वरी मनोहरा नगरपालिकामा सञ्चालन भएको १० दिने निःशुल्क सूचना प्रविधि (आईटी) तालिम सम्पन्न भएको छ । थलीस्थित नगरभवनमा आज आयोजित औपचारिक कार्यक्रमकाबीच तालिमको समापन गरिएको हो ।

युवालाई रोजगारीमुखी बनाउने उद्देश्यले सञ्चालन गरिएको तालिमको समापन समारोहमा नगरप्रमुख उपेन्द्र कार्कीले सहभागीलाई प्रमाणपत्र वितरण गर्दै आईटी क्षेत्रको बढ्दो मागसहित नगरपालिकाले युवालाई डिजिटल क्षेत्रमा सक्षम बनाउने लक्ष्यका साथ यस्तो कार्यक्रम अघि सारेको बताए ।

उनका अनुसार काम गर्न आवश्यक दक्ष जनशक्ति उत्पादन गर्ने र युवालाई आईटी क्षेत्रमा निपुण बनाउने उद्देश्यले जेनजीसँग सहकार्यमा यो १० दिने शिविर सञ्चालन गरिएको हो । मेयर कार्कीले भने, 'यो पहल निकै प्रभावकारी भएको छ । भविष्य आईटीमै भएकाले युवाले नगरमै रोजगारीका अवसर पाउन सक्छन् । सहभागीमध्ये २० जनालाई इन्टर्नसिपमार्फत रोजगारीको अवसर प्रदान गरिने समेत कार्यक्रमका दौरान जानकारी दिइयो ।



यसैगरी, नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत पुरुषोत्तम सुवेदीले १० दिने तालिम उपलब्धिमूलक रहेको उल्लेख गर्दै आगामी दिनमा पनि यस्ता कार्यक्रम निरन्तर अघि सारिने बताए । 'विद्यार्थीदेखि आइटी सिक्न चाहने सबैलाई मार्गदर्शनका लागि यो शिविर सञ्चालन गरिएको हो, सुवेदीले भने ।

तालिममा सहभागी रामकृष्ण पुडासैनीले कार्यक्रमले आफूलाई प्रविधिमा आवश्यक पर्ने आधारभूत सीप र करियरको दिशा पहिचान गर्न सहयोग पुर्‍याएको बताए ।

सहभागी मनिषा कोइरालाले आईटीसँग प्रत्यक्ष सम्बन्ध नभएको विद्यार्थी भए पनि यो तालिमले आइटी जुनसुकै क्षेत्रका लागि उपयोगी हुने रहेछ भन्ने बुझ्न पाएँ, भन्दै खुशी व्यक्त गरिन् ।

कान्तिपुर कलेजका विद्यार्थी रितेश कोइरालाले पनि तालिमबाट धेरै उपयोगी ज्ञान हासिल गरेको बताए । सहभागी अधिकांश युवायुवतीले तालिम अत्यन्तै फलदायी रहेको जनाउँदै केही गर्नुपर्छ भन्ने जोश, जाँगर र आत्मविश्वास बढाएको प्रतिक्रिया जनाएका छन् । नगरपालिकाले शिक्षा,स्वास्थ्य र रोजगारीका लागि विभिन्न कार्यकमहरु निरन्तर गर्दै आएको छ ।





# कागेश्वरी मनोहरामा कलेजो उपचारका लागि विशेष अस्पताल बन्ने
## कलेजोको उपचार तथा प्रत्यारोपण सेवा एकै ठाउँमा

कागेश्वरी मनोहरा नगरपालिकाका, काठमाडौंः कागेश्वरी मनोहरा नगरपालिकामा कलेजो सम्बन्धी सम्पूर्ण सेवा प्रदान गर्ने विशेष अस्पताल निर्माण हुने भएको छ ।

मानव अङ्ग प्रत्यारोपण फाउन्डेसनको पहलमा बन्न लागेको यो अस्पताल जापान सरकारको सहयोगमा सञ्चालन हुने र पूर्ण रूपमा गैरनाफामूलक मोडेलमा आधारित रहने बताइएको छ ।

नगरपालिकाभित्र आवश्यक जग्गा पहिचान गर्ने कार्य अन्तिम चरणमा पुगेको नगरप्रमुख उपेन्द्र कार्कीले जानकारी दिए । उनका अनुसार जापानी प्रविधिमा आधारित अत्याधुनिक कलेजो उपचार सेवा नेपालमै उपलब्ध गराउने उद्देश्यले अस्पताल निर्माणको प्रक्रिया सुरु गरिएको हो ।

नगरप्रमुख कार्कीले भने, 'नेपालमा कलेजो उपचारका लागि विशेष अस्पताल नहुँदा धेरै बिरामीहरू समस्यामा परिरहेका छन् । कलेजोसम्बन्धी रोग गम्भीर हुने भएकाले सर्वसुलभ र गुणस्तरीय सेवा दिन जापानीज टेक्नोलोजी प्रयोग गरेर यो परियोजना अघि बढाइएको हो ।




देशभरका नागरिकले यसबाट प्रत्यक्ष लाभ पाउनेछन् ।

कलेजो प्रत्यारोपण विशेषज्ञ डा. प्रदेज सापकोटाका अनुसार 'नेपाल-जापान फ्रेन्डसीप अस्पताल नाम रहने यो संस्थामा मुख्य रूपमा कलेजो उपचार तथा प्रत्यारोपण सेवा प्रदान गरिनेछ ।

नेपालमा कलेजो उपचारका लागि समर्पित अस्पताल अभाव भएकै कारण लगभग सय बेडको अत्याधुनिक अस्पताल निर्माण गर्न लागिएको उनले बताए ।

डा. सापकोटाले जापानी प्रविधिबाट सुसज्जित आधुनिक उपकरण र सेवासहित अस्पताल सञ्चालन गरिने उल्लेख गर्दै यसले सबै नेपालीका लागि कलेजो उपचारको प्रमुख केन्द्रको रूपमा काम गर्ने दाबी गरे ।

हाल कागेश्वरी मनोहरा नगरपालिकामा एक नगर अस्पताल तथा सबै वडाहरूमा स्वास्थ्य चौकी सञ्चालनमा छन् । नगरवासीको स्वास्थ्य सेवा विस्तारलाई प्राथमिकतामा राख्दै नगरपालिका अघि बढिरहेको जनाएको छ ।

# लैङ्गिक हिंसा र साइबर अपराध आजको प्रमुख चुनौतीः एआईजी कार्की

कागेश्वरी मनोहरा नगरपालिकाका, काठमाडौंः प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) ईश्वर कार्कीले लैङ्गिक हिंसा र साइबर अपराध आजको मुख्य चुनौती बन्दै गएको बताएका छन् ।

गान्धी आदर्श मा.वि.मा आयोजित समुदाय-प्रहरी साझेदारी तथा लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियान अन्तर्गतको 'साइबर अपराध र लैङ्गिक हिंसा विरुद्ध विषयक कार्यक्रममा बोल्दै एआईजी कार्कीले हाल साइबर अपराधको दायरा



विस्तार हुँदै समाजलाई गम्भीर चुनौती दिइरहेको बताए ।

कागेश्वरी मनोहरा वडा न. ७, ८, ९, प्रहरी बित्त बानेश्वर, सामुदायीक सेवा तथा विकाश समाज एवं सामुदायिक प्रहरी सेवा केन्द्र कोटेश्वर-३२, प्रहरी प्रभाग काडाघारी र गान्धी आदर्श माध्यमिक विद्यालयको संयुक्त आयोजनामा भएको सो कार्यक्रममा उनले यस्ता समस्यालाई नियन्त्रण र निर्मूल गर्न समुदाय स्वयं सचेत र संगठित हुनु आवश्यक रहेको बताए । अपराध विरुद्ध समुदायकै विद्रोह जरुरी छ । सबै सचेत हुनुपर्छ, नेपाल प्रहरी समाजकै साथमा रहनेछ, उनले भने ।

त्यस्तै, जिल्ला प्रहरी परिसर भद्रकालीका प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) राम थापाले पनि डिजिटल



माध्यममार्फत गरिने हिंसाका घटना तीव्र रूपमा बढ्दै गएको बताएका छन् ।

उनका अनुसार डिजिटल हिंसाबाट प्रभावित हुनेमध्ये करिब ९० प्रतिशत महिला रहेको र यसले मानसिक तनावदेखि डिप्रेसनसम्मका गम्भीर समस्या निम्त्याइरहेको छ । एसएसपी थापाले पछिल्लो समय ड्रग दुव्र्यसनका कारण आपराधिक गतिविधि बढ्न थालेको भन्दै सबै मिलेर लागूऔषधलाई तिरस्कार गर्नुपर्नेमा समेत जोड दिए ।

# महिला र अल्पसङ्ख्यक सशक्त नभएसम्म हिंसा अन्त्य हुँदैनः मेयर कार्की

कागेश्वरी मनोहरा नगरपालिकाका, काठमाडौंः कागेश्वरी मनोहरा नगरपालिकाले आयोजना गरेको लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान बुधबार सम्पन्न भएको छ ।

समापन कार्यक्रममा बोल्दै नगरपालिकाका मेयर उपेन्द्र कार्कीले महिला तथा अल्पसंख्यक समुदायलाई शैक्षिक र आर्थिक रूपमा सशक्त नबनाएसम्म हिंसा अन्त्य हुन नसक्ने बताए ।

साथै उनले प्रविधिले सहजता सँगसँगै जटिलता पनि निम्त्याइरहेको र यसलाई बुझ्न नसक्दा समस्या उत्पन्न हुने भएकोले सचेत रहनुपर्ने धारणा व्यक्त गरे । मेयर कार्कीले बालबालिकालाई संस्कारसहितको गुणस्तरीय शिक्षा दिनुपर्ने र पूर्वीय दर्शनमा आधारित ज्ञान प्रदान गर्नु आवश्यक रहेकोमा समेत जोड दिए ।

यस्तै, उपमेयर शान्ता थापाले समय परिवर्तन भए पनि हिंसा अझै पनि समाप्त नभएको बताइन् । उनले महिलाप्रति हेर्ने




दृष्टिकोणमा परिवर्तन नभएको कुरामा पनि चिन्ता व्यक्त गरेकी छन् । यसैगरी, नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत पुरुषोत्तम सुवेदीले अव्यवस्थित संरचनाका कारण मानव बेचबिखन र लैङ्गिक हिंसाका घटना बढिरहेको खुलासा गरेका छन् । सो अवसरमा उपमेयर थापाले अभियानमा सहभागी भएका विभिन्न संस्था तथा व्यक्तिहरुलाई कदरपत्र प्रदान गरिन् ।

समुदायमा लैङ्गिक हिंसाविरुद्ध सचेतना फैलाउन र महिलासहित सबैलाई समान अवसर सुनिश्चित गर्ने दिशामा कार्यक्रम फलदायी हुने विश्वास व्यक्त गरिएको छ ।

# कागेश्वरी मनोहरा नगरपालिकाद्वारा उत्कृष्ट किसानलाई सम्मानसहित कृषि औजार हस्तान्तरण

"किसानको क्षमता अभिवृद्धि गर्नु नगरपालिकाको प्रमुख प्राथमिकता हो ।"

\- मेयर कार्की



कागेश्वरी मनोहरा नगरपालिकाका, काठमाडौंः कागेश्वरी मनोहरा नगरपालिका र उदार स्वयंसेवक आबद्ध सामाजिक संस्था नेपाल (सल्भ नेपाल) को सहकार्यमा सोमबार उत्कृष्ट किसान सम्मान, 'कृषिमा विज्ञान तथा प्रविधिको प्रयोग विषयक अभिमुखीकरण तालिम तथा कृषि औजार हस्तान्तरण कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा कागेश्वरी मनोहरा नगरपालिकाका नगरप्रमुख उपेन्द्र कार्कीले नगरपालिकाभित्रका ५ जना उत्कृष्ट किसानलाई नगद पुरस्कारसहित सम्मान गरे ।

किसानलाई प्रोत्साहन गर्ने उद्देश्यले आयोजना गरिएको कार्यक्रममा नगरपालिकाभित्रका कृषक, कृषक समूह, व्यवसायिक कृषि फर्म तथा सहकारीहरूलाई ४० थान स्प्रेयर, १८ थान मिनी टिलर तथा १८ थान टनेल प्लास्टिक वितरण गरिएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै नगरप्रमुख कार्कीले कृषिमा आधुनिक विज्ञान तथा प्रविधिको प्रयोगमार्फत किसानको क्षमता अभिवृद्धि गर्नु नगरपालिकाको प्रमुख प्राथमिकता रहेको बताए । नगरपालिकाले आगामी दिनहरूमा पनि यस्तै किसिमका कार्यक्रममार्फत कृषि क्षेत्रको विकास, किसानको हौसला अभिवृद्धि र प्रविधिमैत्री कृषि प्रवर्द्धन गर्न सहकार्यलाई निरन्तरता दिने जनाएको छ । नगरप्रमुख कार्कीको निरन्तर पहल तथा सल्भ नेपालसँगको सहकार्यमा उक्त कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रमलाई सफल बनाउन सहयोग पुर्‍याएकोमा कागेश्वरी मनोहरा नगरपालिकाले सल्भ नेपालप्रति धन्यवाद व्यक्त गरेको छ ।





# कागेश्वरी मनोहरा नगरपालिकाद्वारा एमओयूमा हस्ताक्षर

काठमाडौं विश्वविद्यालय स्कूल अफ म्यानेजमेन्ट (कुसोम) र कागेश्वरी मनोहरा नगरपालिकाबीच अनुसन्धान, सर्वेक्षण तथा तालिममार्फत नगर विकासमा योगदान पुर्‍याउने उद्देश्यसहित समझदारी पत्र (एमओयू) मा हस्ताक्षर भएको छ ।



सन् १९९३ मा स्थापना भएको अग्रणी व्यवस्थापन शिक्षण संस्था कुसोम र कागेश्वरी मनोहरा नगरपालिकाबीच बुधबार सम्झौता पत्रमा हस्ताक्षर भएको हो । कुसोमका तर्फबाट डिन प्रो. डा. विजय केसी र नगरपालिकाका तर्फबाट नगरप्रमुख उपेन्द्र कार्कीले समझदारी पत्रमा हस्ताक्षर गरेका छन् । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत पुरुषोत्तम सुवेदी पनि सम्झौताका हस्ताक्षरकर्ता रहेका छन् ।

सम्झौता हस्ताक्षर कार्यक्रममा साक्षीका रूपमा कुसोमका सहायक प्राध्यापक डा. लालबहादुर पुन र कागेश्वरी मनोहरा नगरपालिकाकी वरिष्ठ अधिकृत सङ्गीता घिमिरे सहभागी थिए ।

समझदारीअनुसार दुबै संस्थाले नगरपालिकाको प्राथमिकताअनुसार विभिन्न क्षेत्रमा अनुसन्धान तथा सर्वेक्षण गर्नेछन् । साथै युवा, महिला, लघु, साना तथा मझौला उद्यम (एमएसएमई) र अगुवा कृषकहरूका लागि उद्यमशीलता विकास तथा व्यवसाय प्रवर्द्धनमा सहकार्य गरिनेछ ।

यसैगरी स्थानीय व्यवसायी, किसान तथा उद्यमीहरूको क्षमता अभिवृद्धि र सीप विकासका लागि तालिम सञ्चालन गर्ने, नगरपालिकासम्बन्धी नीतिहरूको समीक्षा, विश्लेषण तथा अनुसन्धान गर्ने तथा विद्यार्थीहरूलाई अनुसन्धान, सर्वेक्षण र फिल्डवर्कमा संलग्न गराउने विषयहरू पनि सम्झौतामा समावेश गरिएको छ । सहकार्यको प्रभावकारी कार्यान्वयनका लागि दुबै पक्षले आ-आफ्ना प्रतिनिधि तोक्ने व्यवस्था गरिएको छ ।

समझदारी पत्र तीन वर्षका लागि लागू हुने र आपसी सहमतिमा नवीकरण गर्न सकिने जनाइएको छ । कुनै पनि पक्षले छ महिनाको लिखित सूचना दिएर सम्झौता अन्त्य गर्न सक्ने व्यवस्था पनि गरिएको छ । सम्झौता समाप्त भए पनि सुरु भइसकेका गतिविधिहरू आपसी सहमतिअनुसार सम्पन्न गरिने उल्लेख गरिएको छ ।

यस्तै, सम्झौता कार्यान्वयनका क्रममा कुनै विवाद उत्पन्न भएमा आपसी छलफलमार्फत समाधान खोजिने र असाधारण परिस्थितिमा दुवै पक्ष जिम्मेवार नहुने प्रावधान समेत सम्झौतामा समेटिएको छ ।

**१. कागेश्वरी मनोहरा नगरपालिकामा शिक्षा, युवा तथा खेलकुद क्षेत्रमा ऐतिहासिक सुधार**

**- नवीन कार्यक्रम र सामुदायिक सहभागिताबाट शैक्षिक गुणस्तरमा उल्लेखनीय फड्को**

कागेश्वरी मनोहरा नगरपालिका, काठमाडौं- कागेश्वरी मनोहरा नगरपालिकाले शिक्षा, युवा तथा खेलकुद क्षेत्रलाई प्राथमिकतामा राख्दै सञ्चालन गरेका दीर्घकालीन र परिणाममुखी कार्यक्रमहरूले नगरको शैक्षिक अवस्था उल्लेखनीय रूपमा रूपान्तरण हुँदै गएको छ । शिक्षाको जगदेखि नै गुणस्तर सुधार गर्ने, शिक्षक पेशालाई मर्यादित बनाउने तथा विद्यार्थीलाई समग्र रूपमा सक्षम बनाउने लक्ष्यसहित नगरपालिकाले अघि सारेका योजनाहरू अहिले प्रभावकारी रूपमा कार्यान्वयनमा छन् ।

**- प्रारम्भिक बाल शिक्षामा आमूल परिवर्तनः रातो बंगला फाउन्डेशनसँग रणनीतिक साझेदारी**

शिक्षाको आधार बलियो बनाउन नगरपालिकाले प्रारम्भिक बाल विकास (ECED) देखि कक्षा ३ सम्मका विद्यार्थीहरूका लागि रातो बंगला फाउन्डेशनसँग रणनीतिक सहकार्य गरेको छ । यस सहकार्यअन्तर्गत क्रियाकलापमा आधारित, बालकेन्द्रित र अनुभवात्मक शिक्षण पद्धति लागू गरिएको छ । शिक्षकहरूलाई निरन्तर पेशागत विकास तालिम प्रदान गर्दै कक्षाकोठालाई बालमैत्री, सुरक्षित र प्रविधिमैत्री बनाइएको छ । बालमैत्री फर्निचर, शैक्षिक सामग्री र सिर्जनशील सिकाइ वातावरणको व्यवस्थापनले बालबालिकाको बुझाइ, आत्मविश्वास र सिर्जनशीलतामा उल्लेखनीय सुधार आएको अभिभावक तथा शिक्षकहरूको अनुभव छ ।

**- शिक्षक बैङ्कः व्यवस्थापनको नमुना अभ्यास**

सामुदायिक विद्यालयमा शिक्षक दरबन्दी रिक्त हुँदा वा लामो बिदाका कारण पठनपाठन प्रभावित नहोस् भन्ने उद्देश्यले नगरपालिकाले "शिक्षक बैङ्क" प्रणाली लागू गरेको छ । यस प्रणालीमार्फत दक्ष र योग्य शिक्षकहरूको सूची तयार गरी आवश्यकता परेको खण्डमा तुरुन्तै विद्यालयमा पठाइने व्यवस्था मिलाइएको छ । यस पहलले नगरभित्र "शिक्षकविहीन कक्षा" को अवस्थालाई पूर्ण रूपमा अन्त्य गरेको छ, जुन स्थानीय तहका लागि एक उदाहरणीय अभ्यास मानिएको छ ।

**- शून्य "NG" अभियानः नतिजामा स्पष्ट सुधार**

सामुदायिक विद्यालयहरूको शैक्षिक नतिजा सुधार गर्न नगरपालिकाले शून्य "NG" (Non-Graded) को लक्ष्यसहित विशेष अभियान सञ्चालन गरेको छ । कमजोर शैक्षिक प्रदर्शन भएका विद्यार्थीहरूलाई लक्षित गरी बिहान र बेलुकाको समयमा उपचारात्मक (Remedial) कक्षाहरू सञ्चालन गरिएको छ ।

विषयगत विज्ञ शिक्षकहरूको सक्रिय सहभागितामा सञ्चालन गरिएका यी कक्षाहरूको प्रत्यक्ष प्रभाव नगरको समग्र उत्तीर्ण प्रतिशतमा देखिएको छ । विद्यालयस्तरमै नतिजा सुधार भइरहेका उदाहरणहरूले अभियान सफल बन्दै गएको पुष्टि गर्छन् ।

**- भौतिक पूर्वाधार र डिजिटल शिक्षामा लगानी**

शिक्षालाई आधुनिक र प्रतिस्पर्धी बनाउन नगरपालिकाले विद्यालयका भौतिक संरचना सुधार गर्दै 'स्मार्ट क्लास अवधारणालाई प्राथमिकताका साथ अघि बढाएको छ ।

सामुदायिक विद्यालयहरूमा इन्टरनेट सेवा, कम्प्युटर ल्याब, प्रोजेक्टर

तथा डिजिटल शिक्षण सामग्री उपलब्ध गराइँदै प्रविधिमैत्री सिकाइ वातावरण निर्माण गरिएको छ । यसले विद्यार्थीलाई डिजिटल युग अनुकूल सीप विकासमा सहयोग पुर्‍याएको छ ।

**- दोस्रो अभिभावकः सामाजिक उत्तरदायित्वको सशक्त उदाहरण**

आर्थिक रूपमा कमजोर, अनाथ, असहाय तथा विपन्न बालबालिकालाई शिक्षाको मूलधारबाट बाहिरिन नदिन नगरपालिकाले मेरो दोस्रो अभिभावक कार्यक्रम कार्यान्वयनमा ल्याएको छ । यस कार्यक्रमअन्तर्गत जनप्रतिनिधि, कर्मचारी, समाजसेवी तथा विभिन्न व्यक्तित्वहरूले विद्यार्थीको अभिभावकत्व ग्रहण गर्दै शिक्षा, स्वास्थ्य, पोसाक र शैक्षिक सामग्रीको जिम्मेवारी लिने गरेका छन् । कार्यक्रमले विद्यालय छोड्ने जोखिममा रहेका बालबालिकाका लागि सुरक्षा कवचको काम गर्नुका साथै "हाम्रो लागि कोही छ" भन्ने भावनात्मक अपनत्व र आत्मविश्वाससमेत विकास गरेको छ । यो मानवीय पहल नगरपालिकाको पहिचान बन्न थालेको छ ।

**- सीपमूलक तथा व्यवसायिक शिक्षाः ENSSURE परियोजनासँग सहकार्य**

युवालाई सीपयुक्त बनाई रोजगारी तथा स्वरोजगारतर्फ उन्मुख गराउन नगरपालिकाले ENSSURE परियोजनासँग सहकार्य गरी सीपमूलक तथा व्यवसायिक शिक्षामा जोड दिएको छ । स्थानीय बजारको मागअनुसार विभिन्न प्राविधिक विधामा तालिम, अप्रेन्टिससिप (Apprenticeship) र कार्यथलोमा आधारित प्रशिक्षण प्रदान गरिएको छ । यस परियोजनाले विशेष गरी विपन्न तथा पछाडि पारिएका समुदायका युवालाई आर्थिक रूपमा आत्मनिर्भर बन्न प्रेरित गरेको छ ।

**२. "Hello Guardian" अभियानः समुदाय, अभिभावक र विद्यालयबीच सेतु**

विद्यार्थीको सिकाइ आचरण सुधार र असल संस्कार विकासका लागि "Hello Guardian" सामाजिक अभियान सुरु गरिएको छ ।

यस अभियानले अभिभावक, विद्यालय र नगरपालिकाबीच सिधा संवाद र सहकार्यलाई प्रवर्द्धन गर्दै अभिभावकलाई बालबालिकाको सिकाइ प्रक्रियामा जिम्मेवार बनाएको छ । सामुदायिक सहभागिताबाट विद्यार्थीको उज्ज्वल भविष्य सुनिश्चित गर्ने उद्देश्यले यो अभियान प्रभावकारी बन्दै गएको छ ।

**३. जिम्मेवार स्थानीय सरकारतर्फ कागेश्वरी मनोहरा**

शिक्षा, सीप, सामाजिक न्याय र सामुदायिक सहभागितालाई केन्द्रमा राखेर सञ्चालन गरिएका यी कार्यक्रमहरूले कागेश्वरी मनोहरा नगरपालिकालाई एक जिम्मेवार, दूरदर्शी र गुणस्तरीय स्थानीय सरकारको रूपमा स्थापित गर्दै लगेका छन् । दीर्घकालीन प्रभाव पार्ने यी पहलहरूले नगरको शैक्षिक तथा सामाजिक विकासमा नयाँ आशा जगाएको स्थानीयवासीहरूको प्रतिक्रिया छ ।

















# समग्र स्वास्थ्य र योगमैत्री अभियानमार्फत नागरिक जीवनस्तर उकास्दै

कागेश्वरी मनोहरा नगरपालिकाका, काठमाडौंः कागेश्वोरी मनोहरा नगरपालिकाले जेष्ठ नागरिक, महिला तथा विद्यार्थीलाई लक्षित गर्दै सञ्चालन गरिरहेका विशेष स्वास्थ्य कार्यक्रमहरू प्रभावकारी बन्दै गएका छन् । नगरपालिकाको नेतृत्वमा अघि बढाइएका यी कार्यक्रमहरूले स्वास्थ्य प्रवर्द्धन, समयमै रोग पहिचान तथा उपचारमार्फत नागरिकको जीवनस्तर उकास्न महत्वपूर्ण भूमिका खेलेका छन् ।

मेयरसँग जेष्ठ नागरिक विशेषज्ञ स्वास्थ्य सेवा कार्यक्रम नगर प्रमुखको अगुवाइमा प्रत्येक वर्ष नगरपालिकाका ९ वटै वडामा सञ्चालन हुँदै आएको छ । यस कार्यक्रम अन्तर्गत जेष्ठ नागरिकलाई मुटु रोग, हाडजोर्नी तथा नसा, आँखा जाँच, भिडियो एक्स-रे, मुटुको इको तथा ईसीजी, आवश्यक रक्त परीक्षण, मनोपरामर्श र औषधि वितरण जस्ता एकीकृत स्वास्थ्य सेवा प्रदान गरिएको छ । आ.व. ०८१/०८२ मा २,३७६ जना जेष्ठ नागरिक लाभान्वित भएका छन् भने २४५ जनाको मोतियाबिन्दुको निःशुल्क शल्यक्रिया सफलतापूर्वक सम्पन्न गरिएको छ । साथै जेष्ठ नागरिकका शारीरिक तथा मानसिक समस्या, हकहित र कानुनी विषयमा अभिमुखीकरण कार्यक्रम पनि सुरु गरिएको छ ।










त्यसैगरी उपमेयर प्रजनन् स्वास्थ्य कार्यक्रम महिलाको स्वास्थ्य प्रवर्द्धन र उपचारलाई केन्द्रमा राखी सञ्चालन गरिएको छ । कार्यक्रम अन्तर्गत पाठेघरको मुखको क्यान्सर पहिचानका लागि VIA परीक्षण, ग्रामीण भिडियो एक्स-रे सेवा, प्रजनन् स्वास्थ्यसम्बन्धी जनचेतना कार्यक्रम, घर-घरमै उत्तरप्रसूति जाँच (PNC होम भिजिट) तथा पोषण प्याकेज वितरण गरिएको छ । आ.व. ०८१/०८२ मा ३,५३९ जना महिलाले सेवा पाएका छन् भने १८८ सुत्केरी आमालाई पोषण प्याकेज वितरण गरिएको छ । यसले मातृ तथा शिशु मृत्यु न्यूनीकरणमा महत्वपूर्ण योगदान पुर्‍याएको छ ।









विद्यालय स्वास्थ्य कार्यक्रम अन्तर्गत नगरभित्रका सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीको सामान्य स्वास्थ्य परीक्षण, आँखा तथा दन्त जाँच, मनोपरामर्श र औषधि वितरण गरिएको छ । गत आ.व. मा सामुदायिक विद्यालयका ४,७५१ र संस्थागत विद्यालयका २,४९९ गरी जम्मा ७,२५० विद्यार्थीले स्वास्थ्य सेवा प्राप्त गरेका छन् ।









स्वस्थ जीवनशैली प्रवर्द्धन गर्ने उद्देश्यले नगरपालिका योगमैत्री नगरपालिका अभियान लाई पनि प्राथमिकताका साथ अघि बढाइरहेको छ । योग, ध्यान र प्राणायामको महत्वबारे जनचेतना फैलाउँदै विद्यालय र समुदायमा यसको अभ्यास विस्तार गर्ने लक्ष्य लिइएको छ । यसै अवसरमा जुन २१, २०२५ मा ११औं अन्तर्राष्ट्रिय योग दिवस भव्य रूपमा मनाइँदै नगर प्रमुखले कागेश्वोरी मनोहरा नगरपालिकालाई योगमैत्री नगरपालिका बनाउने प्रतिबद्धता दोहोर्याउनुभएको थियो ।

नगरपालिकाका यी बहुआयामिक कार्यक्रमहरूले समग्र स्वास्थ्य सुदृढीकरण गर्दै स्वस्थ, सचेत र समुन्नत नगर निर्माणतर्फ महत्वपूर्ण कदम चालिरहेका छन् ।

# कागेश्वरी मनोहरा नगरपालिका-५ बालश्रम मुक्त वडा घोषणा

कागेश्वरी मनोहरा नगरपालिकाका, काठमाडौः कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर-५ लाई बालश्रम मुक्त वडा घोषणा गरिएको छ । बालश्रमविरुद्ध अन्तर्राष्ट्रिय दिवस २०२५ को सन्दर्भ पारेर वडालाई बालश्रम मुक्त वडा घोषणा गरिएको हो ।




कार्यक्रममा प्रमुख अतिथिसमेत रहेकी कागेश्वरी मनोहरा नगरपालिकाकी उपप्रमुख शान्ता थापाले वडाध्यक्ष शंकर पाण्डेलाई बालश्रम मुक्त वडा घोषित भएकोमा सम्मानस्वरुप प्रमाणपत्र प्रदान गरिन् । बालमैत्री नगर निर्माणमा अघि बढिरहेको नगरपालिकाले निकट भविष्यमा अन्य वडालाई पनि घोषणा गर्ने तयारी गरेको छ । नगरपालिकाले बालश्रम मुक्त स्थानीय तह घोषणा कार्यक्रमलाई उच्च प्राथमिकता दिँदै कार्य गर्दै आएको छ । बालश्रम मुक्त बनाउनका लागि विभिन्न २० सूचक पार गर्नुपर्छ । नगर उप-प्रमुख थापाले बाल शोषण, श्रम र हिंसा अपराध भएकाले सबैको सहयोग, सहकार्यबाट नै सभ्य समाज निर्माण हुने बताइन् ।

उनले सबै बालबालिकालाई विद्यालयसम्म लग्ने वातावरण तयार गरिने र शिक्षालाई अनिवार्य, निःशुल्क र सर्वसुलभ बनाउन सदैव तत्पर रहेको बताइन् ।

विभिन्न सूचक पूरा गरी वडालाई बालश्रम मुक्त बनाउन सफल भएको वडाअध्यक्ष शंकर पाण्डेले जानकारी दिए । बालबालिकाको सुन्दर भविष्य निर्माणमा घरपरिवारको प्रमुख भुमिका रहेता पनि वडाको पनि ठुलो जिम्मेवारी र दायित्व हुने भन्दै वडाध्यक्ष पाण्डेले बालबालिकाको क्षेत्रमा वडाले लगानी गरिरहेको बताए । बालबालिकाको बाच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको अधिकारको विषयमा सबै सरोकारवाला निकाय जिम्मेवार बन्नुपर्ने उनको भनाइ छ । नगरपालिकाको महिला बालबालिका तथा समाजकल्याण शाखा प्रमुख सबिना श्रेष्ठकाअनुसार ४ हजार घरधुरी रहेको वडामा १२ हजार ८ सय ६० जनसंख्या रहेको छ । जसमा १ हजार ५ सय ६६ बालबालिका रहेका तथ्यांक छ । उक्त संख्या मध्ये ८ सय २६ जना बालक रहेका छन् भने ७ सय ५१ जना बालिका रहेका छन् ।

वडा सदस्य सुशान्त श्रेष्ठले संचालन गरेको कार्यक्रममा बालश्रम मुक्त वडा घोषणा गर्न सहयोग गर्ने संस्था, विद्यालय, सङ्घ संस्थालाई सम्मानपत्र प्रदान गरिएको छ ।

# नगर अस्पतालमा आउने बिरामीको संख्याले तोड्यो रेकर्ड, एकैदिनको आम्दानी साँढे ७ लाख



कागेश्वरी मनोहरा नगरपालिकाका, काठमाडौंः कागेश्वरी मनोहरा नगरपालिकाद्धारा संचालित नगर अस्पतालमा पछिल्ला दिनहरुमा बिरामीको संख्या अत्यधिक बढ्न थालेको छ । सोमबार मात्र १ हजार जना बिरामीले सेवा लिएका छन् । यो संख्या हालसम्मकै सबैभन्दा बढी हो ।

अस्पतालले आकस्मिक कक्षसहित बिहान ८ बजेदेखि साँझ ६ बजेसम्म ओपीडीमा एक हजार बिरामीलाई एकैदिन सेवा प्रदान गरेको हो । अस्पतालले यसअघि अन्य दिनमा ५ सयदेखि ८ सयसम्म उपचार सेवा दिँदै आएको थियो ।

अस्पतालले ४८ जनालाई दन्त सेवा, गर्भवती जाँच २६ जना, आकस्मिक कक्षबाट २५ जना, इमर्जेन्सी तथा फेमिली फिजिसियन १२, नाक, कान, घाँटी ४३, फेमिली फिजिसियन ४५, family physician and MDGP ६६, फेमिली प्लानिङ ३, जेनेरल ओपीडी २८०, जेनेरल सर्जनमा १५ जना, गाइनोलोजी ओपिडी ६१, इन्टरनल मेडिसिन ३१, पोषण ३ जना, आँखा जाँच सेवा ४४ जना, गाउँघर क्लिनिक १ जना, हाडजोर्नी १७५ जना, अन्य सेवा १९ जना, बालरोग ४३, फिजियोथेरापी २२ जना र मनोचिकित्सक सेवामा १६ जना गरि कुल ९ सय ९९ जनालाई सेवा प्रदान गरेको छ ।

यस्तै अस्पतालले एकैदिन ७ लाख ५२ हजार ४ सय ५१ रुपियाँ आम्दानी गरेको छ । जसमा बिमाबाट ५ लाख ७० हजार ८१ रुपियाँ र नगद १ लाख ८२ हजार ३ सय ७० रुपियाँ प्राप्त गरेको हो ।

अस्पतालले दैनिक १९ भन्दा बढी प्रकारका बिशेषज्ञ सेवा प्रदान गर्दै आइरहेको छ । जसअनुसार अस्पतालले विशेषज्ञ चिकित्सकसहित बिहान ८ बजेदेखि साँझ ६ बजेसम्म ओपिडि सेवा अन्तर्गत हाडजोर्नी विशेषज्ञ, ईन्टरनल मेडिसिन, बालरोग विशेषज्ञ, रेडियोलोजी सेवा, स्त्री विशेषज्ञ, ई.एन.टी विशेषज्ञ सेवा, मनोरोग विशेषज्ञ, छालारोग विशेषज्ञ, प्याथोलोजी सेवा, फिजियोथेरापी सेवा, आँखा जाँच विशेषज्ञ, दन्तरोग, एम्बुलेन्स, शववाहन सेवा, मुटुरोग सेवा, युरोलोजिष्ट सेवा, सर्जरी सेवा, पोषण



परामर्श सेवा, खोप सेवा, डट्स सेवा, अन्तरंग सेवा संचालन गर्दै आएको छ ।

त्यस्तै आमा सुरक्षा कार्यक्रमलाई प्रभावकारी बनाउन अस्पतालमा २४ सै घण्टा प्रसूति सेवा, प्रत्येक हप्ता २ दिन आमा र बच्चाका लागि नियमित खोप, पोषण सेवा एवं डट्स सेवासमेत उपलब्ध गराउदै आएको छ ।

अस्पतालले उपलब्ध गराएको अर्को महत्वपूर्ण सेवा फार्मेसी सेवा हो । यहाँ बाहिरी बजारमूल्य भन्दा करिब १० प्रतिशत सस्तोमा बिरामीले औषधी प्राप्त गर्न सक्छन भने निःशुल्क औषधीहरु पनि सरल र सहज रूपमा उपलब्ध हुने गरेका छन् ।

अस्पतालमा नगरपालिका भित्रका मात्रै होइन छिमेकी नगर र सिन्धुपाल्चोक, दोलखा, भक्तपुर लगायतका जिल्लाबाट पनि बिरामीहरु आउने गरेका छन् ।

१५ शैय्याबाट सुरु भएको अस्पताल अहिले सय शैय्यामा स्तरोन्नतीको प्रक्रियामा छ । हाल ३० देखि ३५ शैय्या नियमित प्रयोगमा छन् । अस्पतालले केहिसमय अघिदेखि अस्पतालमै मोतियाबिन्दुको शल्यक्रिया सुरु भएको छ ।

अस्पतालले सोमबारदेखि सोधपुछ कक्ष, नगद र बीमा काउन्टरलाई अझ सरल र सुचारु बनाउँदै लागेको छ ।

अस्पतालबाट दिने बिशेषज्ञसहितका सेवाहरुलाई प्रभावकारी र जनमैत्री बनाउदै गएकाले आम नागरिकको विश्वास जित्न सकेको नगरप्रमुख उपेन्द्र कार्कीले बताए । उनले उच्च गुणस्तरीय यन्त्र उपकरण, औजार, दक्ष तथा अनुभवी बिशेषज्ञ चिकित्सकहरुबाट उच्चस्तरीय स्वास्थ्य सेवा नगर अस्पतालले प्रदान गर्दै आइरहेको बताए ।

प्रदेशकै नमुना अस्पतालका रुपमा विकसित हुँदै गरेको अस्पताललाई सय शैयामा स्तरोन्नतिका प्रदेश सरकारलाई प्रस्ताव गरिएको र त्यसको लागि आवश्यक कामहरु अघि बढेको प्रमुख कार्कीको भनाई छ । स्तरोन्नति सँगै आधुनिक शल्यक्रिया कक्ष, प्रसुतिगृह, आइसीयु, एनआइसीयु, डाइलाइसिस, ट्रमा सेन्टर, ल्याव र इमेजिङ सेवा विस्तार गर्ने लक्ष्य लिइएको प्रमुख कार्कीले जानकारी दिए ।

अस्पतालमा विरामीको चाप बढी रहेकोले जनताको स्वास्थ्य नगरपालिकाको पहिलो प्राथमिकतामा रहेको बताए ।

## थलीमा भएको आगलागी समयमै नियन्त्रण, मानवीय क्षति टर्‍यो

कागेश्वरी मनोहरा नगरपालिकाका, काठमाडौंः कागेश्वरी मनोहरा नगरपालिका-वडा नं. ४ अन्तर्गत थली सिंखडा गाउँमा बुधबार साँझ भएको भीषण आगलागीको घटना दमकल सेवा, नगर प्रहरी तथा स्थानीय बासिन्दाहरूको संयुक्त प्रयासमा समयमै नियन्त्रणमा ल्याइएको छ ।

विश्वर सिंखडाको घरसँगै जोडिएको गाईगोठमा अचानक आगलागी हुँदा स्थानीयवासीमा त्रास फैलिएको थियो ।

आगलागीको सूचना प्राप्त हुनासाथ नगरपालिकाको दमकल सेवा, नगर प्रहरी, जनप्रतिनिधि तथा स्थानीय नागरिकहरू तत्काल उद्धार र आगो नियन्त्रणमा खटिएका थिए ।

आगलागीका कारण धुवाँको अत्यधिक प्रभावले घरधनीसहित नजिकैका एक छिमेकी व्यक्ति बेहोस भएका थिए । उनीहरूलाई तत्काल उद्धार गरी अस्पताल पुर्‍याइएको र हाल दुवै जनाको स्वास्थ्य अवस्था सामान्य रहेको बताईएको छ ।

घटनाबारे प्रतिक्रिया दिँदै कागेश्वरी मनोहरा नगरपालिकाका नगर प्रमुख उपेन्द्र कार्कीले आपतकालीन सेवाको सक्रियताका कारण ठूलो मानवीय क्षति हुनबाट जोगिन सफल भएको बताएका छन् ।

नगर प्रमुख कार्कीले भने, "यस्तो कठिन र संवेदनशील घडीमा नगरपालिकाको दमकल सेवा, नगर प्रहरी, जनप्रतिनिधि तथा सचेत नागरिकहरूको तत्परताले सम्भावित ठूलो मानवीय



क्षतिलाई समयमै रोक्न सकियो । ज्यानको जोखिमलाई बेवास्ता गर्दै उद्धार तथा आगो नियन्त्रणमा खटिनु हुने सबैप्रति नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्दछु ।"

नगर प्रमुख कार्कीले यस घटनाले आपतकालीन पूर्वतयारी, तालिमप्राप्त जनशक्ति र आवश्यक स्रोत-साधनको महत्वलाई पुनः पुष्टि गरेको उल्लेख गर्दै भविष्यमा यस्ता सेवाहरूलाई अझ सुदृढ बनाइने प्रतिबद्धता पनि व्यक्त गरे ।

स्थानीय बासिन्दाहरूको सहयोग, एकता र सेवाभावकै कारण आगलागी नियन्त्रणमा आएको बताउँदै नगरपालिकाले संलग्न सबै निकायप्रति आभार प्रकट गरेको छ ।